ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X

# मृत्युपछिको अभिव्यञ्जना कवितामा भाव वा विचार पक्ष

अर्चना सापकोटा

शिक्षण सहायक, महेन्द्र बहुमुखी क्याम्पस, धरान

Sapkota2076@gmail.com

https://doi.org/10.3126/gyandeep.v10i2.77308

## लेखसार

प्रस्तुत लेख बालकृष्ण समद्वारा रचना गरिएको *साझा कविता सङ्ग्रह* (२०५५) मा सङ्ग्रहित मृत्युपछिको अभिव्यञ्जना कवितामा व्यञ्जित भाव वा विचार पक्षको विश्लेषण गर्ने उद्देश्यमा केन्द्रित रही तयार पारिएको छ । यो लेख गुणात्मक अनुसन्धान ढाँचामा आधारित रहेको छ । यस लेखमा मृत्युपछिको अभिव्यञ्जना कविताको मुख्य भाव वा विचारपक्षलाई कवितामा के कसरी अभिव्यक्त गरिएको छ भन्ने मुख्य समस्या उठाई यो लेख ती समस्याहरूको प्राज्ञिक समाधान गर्दै कवितामा व्यञ्जित मुख्य आशयको विश्लेषणमा केन्द्रित रहेको छ । यसमा समको मृत्युपछिको अभिव्यञ्जना कवितालाई प्राथमिक स्रोतका सामग्रीका रूपमा लिई सूक्ष्म पठन विधिका माध्यमबाट प्राप्त मुख्य आशय,भाव र विचार पक्षलाई लिइएको छ । यस लेखमा कविताको विधागत स्वरूप एवम् सैद्धान्तिक पक्षलाई अर्थात् प्रस्तुत कविताको अध्ययन, विश्लेषणका क्रममा यसका बारेमा लेखिएका प्राप्त पुस्तकालयीय स्रोतका सामग्रीहरूलाई द्वितीयक स्रोतसामग्रीका रूपमा उपयोग गरिएको छ । कवितामा उल्लिखित विषयवस्तुका माध्यमबाट जन्मलाई जसरी स्वीकाछौँ मृत्युलाई पनि त्यसरी नै स्वीकार्नु पर्छ किनकि संसारमा भएका सबै वस्तु अस्थायी हुन् भने मृत्यु स्थायी हो भन्ने निष्कर्ष यस लेखबाट प्राप्त भएको छ । प्रस्तुत कवितामा परिष्कारपूर्ण बौद्धिक शिल्पको प्रयोग गरी कविले नाटकीय शैलीमा स्वैरकल्पनाको समेत प्रयोगबाट मृत्युपछिको अवस्थाकै भावभूमिमा मृत्युसम्बन्धी आफ्नो विचार के कसरी प्रस्तुत गरेका छन् भन्ने कुरालाई यस लेखमा प्रस्तुत गरिएको छ । जन्म र मरणको जञ्जालबाट माथि उठेर मोक्षको मार्ग पहिल्याउनु पर्छ भन्ने मुख्य आशय मृत्युपछिको अभिव्यञ्जना कविताको भाव वा विचारपक्षको विश्लेषणबाट प्रस्तुत गरिएको छ । उक्त वैचारिक निष्कर्ष प्रदान गर्नसक्नु नै यस लेखको महत्त्वपूर्ण प्राप्ति हो ।

*शब्दकुञ्जी :* अधिष्ठान, क्षणभङ्गुर, चिरनिद्रा, निरीश्वर, लालसा, विचारपक्ष

## विषयपरिचय

मृत्युपछिको अभिव्यञ्जना कविता कवि बालकृष्ण समद्वारा पाञ्चभौतिक शरीरको क्षणभङ्गुरता र मृत्युपछिको आध्यात्मिक ज्ञानयोगबाट प्रभावित भएर पूर्वीय दार्शनिक कोणबाट मृत्युको विश्लेषण गरी गद्य ढाँचामा पनि वाक्यात्मक ढाँचाको प्रयोग गरी लेखिएको बौद्धिकतापूर्ण कविता हो । सर्वप्रथम रचना पत्रिकाको पूर्णाङ्क– ४(वि.सं.२०१९)मा प्रकाशित *साझा कविता* (वि.सं.२०२४,प.सं.) मा सङ्ग्रहित प्रस्तुत कवितामा अभिव्यक्त भाव वा विचार पक्षको विश्लेषण गर्नु यस लेखको मुख्य विषय हो । कवि बालकृष्ण समका फुटकर कवितादेखि खण्डकाव्य, महाकाव्य, कवितासङ्ग्रह, नाटक, एकाङ्की र प्रबन्धहरूमध्ये उनको पूर्वीय दार्शनिक दृष्टिकोणमा आधारित मृत्युपछिको अभिव्यञ्जना कवितामा व्यक्त भाव वा विचारको सैद्धान्तिक आधारमा विश्लेषण गरिएको छ । यस कवितामा के कस्तो आशय, सार र चिन्तन प्रस्तुत गरिएको छ भन्ने विषयलाई मूल प्रश्न बनाई सोही प्रश्नको उत्तर खोज्ने उद्देश्यले यो लेख तयार पारिएको छ । प्रस्तुत कविता प्रकाशन भएको लामो समय भइसक्दा पनि उक्त

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X
शीर्षकमा आधारित रहेर प्रस्तुत कविताको ठोस अध्ययन र विश्लेषण नभएको देखिएकाले प्रस्तुत लेखमा अभिव्यक्त भाव वा विचारलाई अध्ययनको विषयक्षेत्र बनाइएको छ । कवितामा भाव विधानको महत्त्वपूर्ण स्थान रहेको हुन्छ । कविले देखेभोगेका अनुभूतिजन्य विषयवस्तुलाई कविकथनात्मक, आत्मालापी, नाटकीकृत र आख्यानीकरणका माध्यमबाट आफूले भन्न खोजेको सन्देश कवितामार्फत् प्रस्तुत गर्ने गर्दछन् । यीमध्ये प्रस्तुत कवितामा कवि समले नाटकीकृत वा नाटकीकरणका माध्यमबाट कलात्मक रूपमा जीवनको क्षणभङ्गुरतालाई मुख्य भाव वा विचार बनाई प्रस्तुत गरेका छन् ।

भाव भनेको कविताको केन्द्रीय कथ्य हो । कविले कविताामा अभिव्यक्त गर्न चाहेको अर्थ नै कविताको भाव वा विचार हो । वास्तवमा सिङ्गो कविताका माध्यमबाट व्यक्त गरिएको विचार नै भाव हो (पौड्याल, २०६९, पृ. १२) । अर्को शब्दमा भन्ने हो भने भाव भनेको जीवन जगत्प्रति कविले गर्ने संवेगात्मक प्रतिक्रिया हो । कविले आत्मसात् गरेको विषयानुसार भाव अनेक हुन सक्छन् । सांसारिक क्रिया–प्रतिक्रियालाई हेरेर कविले नौलो र चमत्कारपूर्ण चिन्तन प्रस्तुत गर्दछ (निरौला, २०६९, पृ. ४) । जस्तो कि सामाजिक, सांस्कृतिक र राजनीतिक आदि विकृति तथा विसङ्गतिप्रति कविले आक्रोश व्यक्त गर्न चाहन्छ र असङ्गत कुरालाई मिलाउने विचार गर्दछ भने कविको यही संवेदनशील चिन्तनलाई नै भाव वा विचार भनिन्छ (निरौला,२०६९, पृ. ५) । जीवन जगत्को समग्र विषयवस्तु र मानवचेतनाका यावत अनुभवपुञ्जलाई कविताका माध्यमबाट प्रकटीकरण गर्नु नै कविताको विचार वा मुख्य भाव हो (त्रिपाठी, २०६५, पृ. २०) । भावविधानबिना कविताले अभिव्यक्त गर्ने सन्देश प्राप्त हुन सक्दैन । यस आधारमा हेर्ने हो भने पनि कविताको मेरुदण्ड भनेकै भाव वा विचारपक्ष हो भन्ने बुझिन्छ । विषयवस्तुको गूढ र गहनता, गम्भीर ज्ञानभित्रको कलात्मक भाव सृष्टि गर्नसक्नु नै कविताको सम्यक भावविधान हो (आचार्य र गैरे, सन् २०१२, पृ.२८४) । यी उपर्युक्त लक्षणहरूबाट नै भावविधान र विचारपक्षले कवितालाई सार्थक तथा बोधगम्य बनाउने कुरालाई स्पष्ट पारेका छन् ।

कविताका तत्त्वहरू बारे विश्लेषण गर्ने क्रममा कृष्णविलास पौड्याल भन्छन् "भावले कविताको संरचनामा आबद्ध भएका शब्दहरूको अस्तित्वलाई उजिल्याउने र पाठकलाई अर्थबोधमा सहयोग गर्ने गर्दछ । कविताको चुरो कुरो प्रस्तुत गर्ने तत्त्व नै भाव हो" (पौड्याल, २०७६, पृ. १२) । भाव कवितामा मात्रै नभएर साहित्यका हरेक विधामा अपरिहार्य हुन्छ । भावबोधमा कविले, साहित्यकारले भाषाशैली, कथनपद्धति, बिम्बप्रतीक र लयविधानका माध्यमबाट पनि तात्त्विक विचार प्रकट गरेको हुन्छ । यस्ता उपकरणले उक्त सृजनाबाट पाठकहरूलाई गूढ अर्थ बोध गराउन महत्त्वपूर्ण सहयोग गर्ने गर्दछ । प्रस्तुत लेखनमा पनि समले जीवनलाई के कसरी कवितामा प्रस्तुत गरेका छन् भन्ने बौद्धिक यथार्थलाई विचारका माध्यमबाट खोज्ने कार्यगरिएको छ । समग्रमा भन्ने हो भने भावकै सफल उपस्थितिले कविता बढी प्रभावकारी र सबल हुने हुँदा कविताको मुख्य तत्त्व नै भाव हो । अतः भावबिनाको कविता पनि निरर्थक, असफल र अर्थहीन हुने भएकाले भाव वा विचारपक्षको महत्त्वपूर्ण स्थान रहेको पाइन्छ ।

बालकृष्ण सम परिष्कारवादी नेपाली कविताका क्षेत्रमा प्रयोगशील, दार्शनिक तथा बौद्धिक शिल्पको प्रयोग गर्ने विशिष्ट स्रष्टा मानिन्छन् । उनी मूलतः नाटककार व्यक्तित्वका रूपमा नेपाली साहित्यमा सर्वाधिक सफल भएजस्तै उनको कवि व्यक्तित्व पनि सफल देखिन्छ । समका कवित्वको चर्चा गर्ने क्रममा विभिन्न विद्वान् समीक्षकहरूले चर्चा–परिचर्चा गरेका छन् । जोशी (२०२३)ले समको मृत्युपछिको अभिव्यञ्जना कविताले जीवनजगत्का अनुभूतिहरूको विशिष्ट अभिव्यञ्जनाका माध्यमबाट अन्तर्लोक र बाह्यलोकको साक्षात्कार गर्न सशक्त भूमिका खेलेको धारणा प्रस्तुत गरेका छन् (पृ.४०) । बन्धुले समले वैचारिक नाटकहरू लिएर आए तापनि कवितालाई पनि ती नाटकहरूले आफूमा

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X

समाविष्ट गरेका र कविताको विचार पक्षलाई शिल्पपक्षीय परिष्कृत तथा बौद्धिक प्रयोगबाट परिवर्तनको औचित्यलाई स्पष्ट पार्न योगदान दिएको धारणा राखेका छन् (बन्धु, २०५५, प्राक्कथनमा ) । रिसाल (२०५८) ले समका कवित्वको विश्लेषणका क्रममा समले साहित्यसाधनाको दीर्घकालीन तपस्याबाट आफूलाई तरुण तपसी सिद्ध गरेका कारण यिनका कवितामा विद्वत्तापूर्ण तार्किकता, भाषिक परिष्कृतता, सूक्तिमय सुन्दरता, कलात्मकता र वैज्ञानिक अनुगामिताका साथै व्यञ्जनाप्रधान शैलीको शालीनता एवम् सशक्तता आदि विशेषताले परिपोषित भएको धारणा अभिव्यक्त गरेका छन् (रिसाल, २०५८, पृ. ६१–६२) । आचार्य (२०६६) ले समको मृत्युपछिको अभिव्यञ्जना कविता, कविता लेखनको पाँचौँ चरणमा फुटकर कवितामा केन्द्रित भई निरीश्वर, भौतिक अध्यात्मका चिन्तनमा पूर्णतः समर्पित भएर लेखिएको धारणा राखेका छन् । समले प्रस्तुत कवितामा मृत्युको केन्द्रीयतामा उभिएर जीवनको सक्रियता र निष्क्रियता अर्थात् जीवन र मरणलाई भौतिकवादी दृष्टिकोणबाट प्रस्तुत गरेको निष्कर्ष आचार्यले प्रस्तुत गरेका छन् (आचार्य, २०६६, पृ. १५५) । यसै गरी बालकृष्ण सम र समका कृतिहरूको अध्ययन, विश्लेषणका क्रममा समालोचक शर्मा (२०५०)ले मृत्युपछि मानव शरीरको अन्त्य भए तापनि हाम्रो शरीरका सारा तत्त्वहरू बाँच्ने र जुनजुन तत्त्वहरू मिलेर शरीरको निर्माण भएको हुन्छ, ती ती तत्त्व छुट्टिएर गएपछि तिनले अर्कै नयाँ रूप अरू तत्त्वसँग मिलेर धारण गर्ने कुरालाई आध्यात्मिक तथा दार्शनिक चिन्तनप्रवाह शैलीमा कविले सबलताका साथ प्रस्तुत गरेको धारणा राखेका छन् (शर्मा, २०५०,पृ. ४८) ।

बालकृष्ण समका कविता, काव्यलगायतका कृतिहरूको विश्लेषणबाट प्राप्त निष्कर्षलाई निरूपण गर्ने सन्दर्भमा उपर्युक्त समीक्षकहरूले समको कवितायात्राको चरणगत प्रवृत्तिसमेतको विश्लेषण गर्ने क्रममा प्रस्तुत मृत्युपछिको अभिव्यञ्जना कवितामा अभिव्यक्त भएको भाव वा विचार पक्षलाई सङ्केत गरेका छन् । यस कोणबाट भने प्रस्तुत कवितामा अभिव्यञ्जित भाव वा विचार पक्ष बारे अध्ययन नगरिएको हुनाले प्रस्तुत लेखमा यस विषयलाई नै अनुसन्धेय विषय बनाइएको हो । मृत्युपछिको अभिव्यञ्जना कवितामा अभिव्यञ्जित विविध भाव वा विचार के कसरी अभिव्यक्त भएका छन् भन्ने मुख्य समस्यामा केन्द्रित भएर यो लेख तयार पारिएको छ । यसका लागि प्रस्तुत लेखमा समको उक्त कवितामा के कस्तो भाव/विचारलाई के कसरी प्रस्तुत गरिएको छ भन्ने समस्याको प्राज्ञिक समाधान गर्ने कार्यलाई मुख्य उद्देश्य बनाइएको छ । यसका लागि प्रस्तुत लेखमा भाव वा विचारपक्षका दृष्टिले बालकृष्ण समको मृत्युपछिको अभिव्यञ्जना कविताको भावपरक विश्लेषण गरिएको छ । प्रस्तुत लेखमा मृत्युपछिको अभिव्यञ्जना कवितामा प्रस्तुत भएको भाव तथा विचारपक्षको अध्ययन गरिएको हुनाले यस विषयमा जानकारी प्राप्त गर्न चाहने अनुसन्धाता, अध्येता र पाठकहरूका लागि यो लेख अत्यन्त उपयोगी हुने भएकाले यस लेखको औचित्य तथा महत्त्व रहने देखिन्छ । यो लेख समको मृत्युपछिको अभिव्यञ्जना कवितामा अभिव्यञ्जित भाव वा विचारपक्षको अध्ययनमा मात्र सीमित रहेको छ । यसबाहेकका अन्य पक्षहरू यस लेखका सीमाका रूपमा रहेका छन् ।

## अध्ययन विधि

यो लेख गुणात्मक ढाँचामा केन्द्रित भई तयार पारिएको छ । यसमा नेपाली कवितासङ्ग्रह भाग–२ मा रहेको मृत्युपछिको अभिव्यञ्जना कवितालाई प्राथमिक सामग्रीका रूपमा लिई सूक्ष्मपठन विधिका माध्यमबाट कवितामा रहेका मुख्य आशय र भाव वा विचारपक्षको अध्ययन गरिएको छ । प्रस्तुत अध्ययनमा भाव वा विचार तथा मुख्य आशयको सिद्धान्तलाई साझा कविता (२०५५) तथा नेपाली काव्य समालोचना (२०६७) मा खगेन्द्रप्रसाद लुइँटेलले उल्लेख गरेका मूल्यमान्यता एवं नेपाली कविता र काव्य (२०६६) पुस्तकमा कृष्णप्रसाद आचार्यले प्रस्तुत गरेका सैद्धान्तिक मान्यताका आधारमा मृत्यपछिको अभिव्यञ्जना कवितामा अभिव्यञ्जित मुख्य विचारपक्षको विश्लेषण

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X

गरिएको छ । बालकृष्ण समका कवितागत प्रवृत्तिहरूका साथै उनका कविताका बारेमा यसअघि अध्ययन, विश्लेषण गरिएका सामग्रीहरूलाई भने द्वितीयक स्रोतसामग्रीका रूपमा प्रयोग गरिएको छ ।

कवितामा जीवनजगतका समग्र विषयवस्तुको जुन रूपमा कथन गरिए पनि त्यसको मूल (चूरो) केन्द्रीय कथ्यचाहिँ भाव वा विचार नै हुन्छ (त्रिपाठी, २०४५, पृ. २०) । कविताका निम्ति नभई नहुने तत्त्वहरूमध्ये भाव वा विचार पनि एउटा मुख्य तत्त्व हो । कवितामा मानव मनको सम्पूर्ण अनुभव व्यवहारको कथन हुन्छ । मानव मनका स्थायी भावहरू कविताका माध्यमबाट प्रस्तुत हुँदा मानव जीवनलाई महत्त्वपूण शिक्षा र सन्देश प्राप्त हुने गर्दछ । कविताको प्रकृति र कविले कविता लेख्नाको उद्देश्यअनुसारको भाव वा विचार कवितामा अभिव्यक्त भएको हुनुपर्छ (ढुङ्गेल र दाहाल, २०६४, पृ. ७५) । यसरी कविको मन र कल्पनाशक्तिले कवितालाई महत्त्वपूर्ण बनाउने गर्दछ । कविता र भाव वा विचारको सम्बन्ध कविभित्रको अनुभूतिसँग हुन्छ । कविताको विषयवस्तुअनुसार भाव वा विचारहरू अनेक प्रकारका हुनसक्छन् । भाव वा विचारलाई कलात्मक तथा सौन्दर्यात्मक रूपमा प्रस्तुत गर्दा कविताको सिर्जना हुने गर्दछ । कविताको विषयवस्तुका आधारमा त्यो जीवन्त, महत्त्वपूर्ण र प्रभावकारी हुन्छ (शर्मा र लुइँटेल, २०६५, पृ. २) । यसरी जुन माध्यमबाट प्रस्तुत गरिए तापनि यसको प्रस्तुति रागात्मक र कलात्मक हुनु जरुरी मानिन्छ । समको मृत्युपछिको अभिव्यञ्जना कवितामा माथि उल्लिखित पक्षको नै प्रयोग भएको छ । त्यस कारणले प्रस्तुत कविताको विश्लेषणका क्रममा विभिन्न पक्षहरूको उद्घाटन गरी त्यसका माध्यमबाट कविताको मुख्य आशय, सार र भाव वा विचारपक्ष के कसरी अभिव्यञ्जित भएको छ भन्ने कुरालाई प्रस्तुत अध्ययनमा सैद्धान्तिक आधारका रूपमा उपयोग गरिएको छ ।

## नतिजा र विमर्श

### मृत्युपछिको अभिव्यञ्जना कवितामा भाव वा विचार

मृत्युपछिको अभिव्यञ्जना कवितामा  कविले नाटकीय रूपमा विषयवस्तुको प्रतिपादन गरी स्वैरकल्पनात्मक भावभूमिमा आफ्ना विचार प्रस्तुत गरेका छन् । कवितामा पञ्चतत्त्वबाट निर्मित भएको मानव जीवन जन्म र मृत्युका बिचमा रहन्छ भन्दै मृत्युपछि परिवार र आफन्तजनमा पर्ने दुःखदायी पीडा, व्यथा र वेदनालाई मूल भाव बनाएर स्वाभाविक रूपमा आफ्ना विचार प्रस्तुत गरेका छन् । पूर्वीय दार्शनिक दृष्टिकोणलाई आत्मसात गरेर लेखिएको प्रस्तुत कवितामा आत्माको अमरत्वलाई स्वीकार गरी देहलाई त्याज्य वस्तुका रूपमा मानिएको विचार प्रस्तुत गरेका छन् (पौडेल, २०७६, पृ.७४) । जीवन भौतिक रूपमा नाशवान् छ । मृत्युवरण गर्नु प्राकृतिक रूपमा चलायमान हुनु हो । अझ अर्को शब्दमा भन्ने हो भने गतिशील हुनु हो । हरेक जीवको आत्माले यसरी मृत्युपछि सांसारिक बन्धनबाट मुक्त भई मोक्ष प्राप्त गर्ने हुनाले मृत्युका अवस्थामा शोक गर्नु हुँदैन भन्ने भाव प्रस्तुत कवितामा अभिव्यक्त भएको छ । यही कुरालाई देखाउन कवि बालकृष्ण समले पतिवियोगको पीडामा डुबेकी प्रियतमालाई सम्बोधन गरेर दुःखी नहुन र सत्यलाई स्वीकार गर्न कवितामा यस प्रकार आग्रह गरेका छन् :

> प्रिया, ती तिमीलाई झन भिजाइदिने मात्र हुन्
> कत्ति सान्त्वना दिने होइनन्
> बरू आफैँ स्तब्ध भई हार्दिक हवन गर ।          (जोशी, २०४५,पृ.४२)

प्रस्तुत कवितांशमा कविले आफ्नी प्रियालाई सम्झाउँदै जन्म र मृत्युबिचको आयुको नाप जीवन हो । शरीर नाशवान् भए पनि आत्मा अमर हुन्छ भन्ने कुरालाई स्वीकारेर शोक गर्नु हुँदैन भन्ने भाव वा विचार प्रस्तुत गरेका छन् ।

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X

पञ्चतत्त्वले बनेको जीवन अन्त्यमा त्यसैमा मिल्छ । त्यसैले शरीर नश्वर हुन्छ तर आत्मा अजरअमर छ । यसलाई कसैले मार्न, नाश गर्न सक्दैन । आत्मा अनन्त र शाश्वत छ । त्यसैले जीवनको शाश्वत सत्यलाई आत्मसात गरेर आउनेलाई स्वागत र जानेलाई हृदयदेखि नै विदा गर्नुपर्छ भन्ने भाव वा विचार उक्त कवितांशबाट पाउन सकिन्छ । पूर्वीय दर्शनलाई आधार मानेर हेर्ने हो भने पनि आत्मा नै ब्रह्मा र ब्रह्मा नै आत्मा हो । आत्मा नै सत्यको स्वरूप हो भन्ने कुरालाई बुझाउन कविले आफूलाई पञ्चमहाभूतमा विलीन भएको भाव कवितामा यसरी प्रस्तुत गरेका छन् :

एक बिन्दु पानीको बेग्लै अस्तित्व थियो
सरोवरमा सरोवरी हुनासाथ
त्यो सरोवर भयो ।
म आकाश भएँ । (जोशी, २०४५,पृ.४४)

उपर्युक्त कवितांशमा कविले आफ्नो मृत्यु भएको नभएर आफू रोगमुक्त भई तङ्ग्रिएको अभिव्यक्ति प्रस्तुत गरेका छन् । तङ्ग्रिएर हलुको अवस्थामा रहेका कविले आफ्ना इष्टमित्र, बन्धुबान्धव सबैलाई भावविह्वल भएर रोइरहेको देख्दा आफ्नो अन्तिम अवस्थामा सबैले नरोइकन विदा गरे हुन्थ्यो भन्ने सदिच्छा प्रकट गरेका छन् । संसार भ्रम हो, मिथ्या हो र मन नै संसार हो भन्दै यस मिथ्या जगत्प्रति हामीले अत्यधिक आशक्त हुनु हुँदैन भन्ने विचार व्यक्त गरेका छन् । सारा चराचर जगत मिथ्या छ । मिथ्या भएकै कारण यो अनित्य छ । यो क्षणभङ्गुरताभित्र मानवजीवन पनि भ्रमित हुन पुगेको छ भन्ने भाव वा विचार अभिव्यक्त गर्दै कविले यो अनित्य संसारमा हाम्रो शरीर पनि मृत्युपछि विलीन हुने यथार्थलाई कवितामा यसरी प्रस्तुत गरेका छन् :

मेरा इन्द्रिय जे जेमा पर्छन्
त्यहीँ त्यहीँ तल्लय हुन्छन् ।
म पात देख्नासाथ पातै हुन्छु,
त्यसको सुस्केरामा डुब्छु । (जोशी, २०४५, पृ. ४३)

मान्छेको भौतिक शरीर पाँच इन्द्रियले बनेको हुन्छ । त्यही इन्द्रियका आधारमा मनुष्यले ज्ञान प्राप्त गर्ने गर्दछ । जन्म र मरण जीवनका महत्त्वपूर्ण दुई पक्ष हुन् । जन्मले जीवनको प्रारम्भ विन्दुलाई जनाउँछ भने मरणले जीवनको विश्रान्ति समयलाई बुझाउँछ । त्यसैले जीवन प्रारम्भ बिन्दु हो भने मरण अन्त्यको प्रतीक हो । जीवनको अस्तित्व जन्म र मृत्युको बिचमा रहन्छ । यस बिचमा रहेको जीवनलाई पाँच ज्ञानेन्द्रिय र पाँच कर्मेन्द्रियहरूले चलायमान बनाउने गर्दछन् । यिनै इन्द्रियका वशमा वशीभूत भएको मानव चोला जुन काम गर्दा खुसी मान्छ, आनन्दित हुन्छ र रमाउँछ त्यसै कुरामा अभ्यस्त हुँदै त्यही इन्द्रियको निर्देशनलाई उच्च प्राथमिकतामा राखेर तल्लीन हुन थाल्छ । त्यसैलाई सत्य मानेर मानवले आफ्नो इहलीलालाई अगाडि बढाउँछ । यही कारण मानिसलाई सांसारिक मायाजाल र लोक प्रपञ्चले गाँजेको छ । यसरी इन्द्रियजनित व्यवहारले व्याप्त शरीर, तिनकै मोहमा व्याकुल भएपछि मानवले त्यसैलाई अन्तिम सत्य ठान्न थाल्दछ । यो अवस्थामा आउनु भनेको मैलो आङमा सफा लुगा पहिरिनु जस्तै मात्र हो । यस कुरालाई कविले आफ्नो दार्शनिक अभिव्यक्तिमार्फत् यसरी प्रस्तुत गरेका छन् :

असङ्ख्य भारले कपाल टन्केको थियो
घाँटी मस्केको थियो
हातखुट्टा बाँधिएका थिए
छाती कसिएकाले सास फेर्न पनि बाधा हुन्थ्यो । (बन्धु, २०५५, पृ. ७४)

ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X

मानव शरीर रहुञ्जेल भौतिक जीवन विभिन्न इन्द्रियजनित स्वार्थमा यसरी जेलिएको हुन्छ कि जेलिएका नसाहरू अनायास गाँठा पर्दछन् । त्यसरी नसाहरू गाँठा परेपछि रगत उम्ली उम्ली रुने गर्दछ । जब जीवनको अन्त्य हुन्छ तब सबै बन्धनबाट मानवजीवनले मोक्ष प्राप्त गर्दछ । मृत्यु नै अन्तिम सत्य हो भन्ने बुझेका र मरेपछि पनि जीवित अनुभव भएको महसुस गरेका कवि समले प्रस्तुत कवितामा दार्शनिक भाव वा विचार यसरी प्रस्तुत गरेका छन् :

अहिले मलाई निदाउन देऊ
एसैदिन ब्युँझुला
समयको रुमालले आँसु पुछ
प्रिया, मेरो निद्रा नबिगार । (बन्धु, २०५५,पृ. ७५)

प्रस्तुत कवितांशमा कविले मृत्यु अवश्यम्भावी भएकाले प्रियालाई शोक गर्नुभन्दा आफूलाई निदाउन देऊ भन्ने आग्रह गरेका छन् । कविको यस अभिव्यक्तिबाट शून्यबाट आएका हामी मानवहरू अन्त्यमा पनि शून्यतामै बिलाउने दाार्शनिक विचार अभिव्यञ्जित भएको छ । मृत्यु भन्नु पनि यथार्थमा निदाउनु जस्तै हो । त्यसैले कविले आफूलाई चिरनिद्रामा निदाउने लालसा जागेको विचार पोखेका छन् । यहाँ कविले आफ्नी प्रियालाई आफ्नो मायाको विराटतालाई जोगाउन आफूलाई शरीर ढाकिने गरी लुगा ओढाइदिन पनि आग्रह गरेका छन् । यसरी तिम्रो आगमनलाई स्वागत गरेर असीम अङ्कमाल गर्नेछु भन्दै आफूलाई निदाउन दिने समयको रुमालले आँसु पुछ्न र यो निद्रारत अवस्थामा नसुँकसुँकाउन आग्रह गर्दै कविले आफ्नो चीरनिद्रालाई नबिगार्न भनी सदासदाका लागि सुत्न चाहेको अध्यात्मवादी चिन्तनबाट प्रभावित भाव वा विचार अभिव्यक्त गरेका छन् । प्रस्तुत कवितामा कविले मृत्युलाई सत्यको प्रतीकका रूपमा व्याख्या गर्दै मृत्युपछि पनि आफूले प्रियाका कणकण देख्ने र छियाछियामा घुस्न सक्ने भएकाले प्रियालाई चुप लाग्न लगाउँदै रुवाइलाई बौद्धशून्यमा बिसाउन कवितामा यसरी आग्रह गरेका छन् :

अब मलाई सञ्चो भयो
कुनै शूलले पनि घोच्दैन,
मेरो शत्रुले तीखो त्रिशूल लिएर
घोच्न आयो भने पनि
त्यो वृथा मेरो बिचमा धूँवाझैं बात्तिनेछ । (बन्धु, २०५५,पृ. ७२)

उपर्युक्त कवितांशमा कविले यसरी त्रिशूलले घोच्दा पनि नघोचिइने भएका कवि सम साह्रो ऐनाजस्तो नभई आकाशजस्तै कोमल र पारदर्शक भएकाले आफूलाई शत्रुका कठोर प्रहारहरूले समेत छुन नसक्ने र विरोधीका सबै प्रयासहरू वृथा तथा निरर्थक बन्ने भाव प्रस्तुत गरेका छन् । कवि समको पूर्वीय दार्शनिक दृष्टिकोणमा आधारित रहेको मृत्युपछिको अभिव्यञ्जना कवितामा आत्माको अमरत्वलाई स्वीकार गरिएको छ (पौड्याल, २०७६,पृ. ७४) । मृत्युलाई नै केन्द्र बनाएर आफूमा रहेको पूर्वीय आध्यात्मिक ज्ञानको अजस्र स्रोतको प्रयोग गरी लेखिएको प्रस्तुत कविताबाट कविको दार्शनिक विचार अभिव्यञ्जित भएको छ । कवितामा विज्ञान र दर्शनको संयोजन गरिनुका साथै पूर्वीय आध्यात्मिक परम्परा सारपूर्ण एवम् अर्थपूर्ण रहेको निष्कर्षलाई कविले कवितामा यसरी प्रस्तुत गरेका छन् :

ओम्कारसहित गुँज्दै
शून्य–अति शून्य, महाशून्यका
भावाभावरहित परमतत्त्व
सर्वशून्यमा प्रलय हुँदा छन् । (बन्धु, २०५५, पृ. ७८)

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X

कवि समले मृत्युपछिको अभिव्यञ्जना कवितामा अध्यात्मवादी बनेर मरणोपरान्त आत्मा परमब्रह्ममा विलय हुने र सत्यम् शिवम् सुन्दरम्को अवस्थामा भावाभावले रहित बनेर सच्चिदानन्दमा आश्रित बन्ने विचार उपर्युक्त कवितांशमार्फत् प्रस्तुत गरेका छन् । पाश्चात्य परम्पराबाट जति नै प्रभावित भए तापनि कविता लेखनको अन्तिम चरणमा आइपुग्दा कवि समले मानिस आफ्नै पूर्वीय चिन्तनको निचोडबाट प्राप्त मार्गदर्शनलाई आत्मसात गर्नपुग्छ भन्ने भाव वा विचारलाई स्वीकारेको पाइन्छ । दार्शनिक कवि समले उपर्युक्त कवितांशहरूमा यिनै अभिव्यक्त भाव वा विचारलाई प्रस्तुत गरेका छन् ।

## निष्कर्ष

विषयवस्तुलाई नाटकीय रूपमा प्रतिपादन गरेर बौद्धिकतापूर्ण परिष्कारवादी शिल्प संयोजन गरी लेखिएको मृत्युपछिका अभिव्यञ्जना कविवर बालकृष्ण समद्वारा लिखित महत्त्वपूर्ण कविता हो । प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग गरी प्रियालाई सम्बोधन गर्दै जीवनलाई अध्यात्मवादी दृष्टिकोणबाट विश्लेषण गरिएको प्रस्तुत कवितामा बौद्धिकता र कलाको विशिष्ट प्रयोग गरिएको छ । जीवन आगाको राप र ताप भएकाले यी दुवैलाई स्विकार्न सक्नुपर्छ । मानव जीवन इन्द्रियद्वारा चलायमान हुने भएकाले यसलाई इन्द्रियहरूको अधिष्ठानका रूपमा कविले उभ्याएका छन् । जन्म र मृत्युबिचको समय नै जीवन भएकाले कविले जीवनलाई बन्धन र मृत्युलाई बन्धनबाट मुक्ति वा मुक्तिको मार्गका रूपमा प्रस्तुत गरेका छन् । पूर्वीय दर्शनबाट प्रभावित भएका कवि समले पाञ्चभौतिक शरीर अन्त्यमा पञ्चतत्त्वमै विलीन बन्ने र शरीर मरणशील भए तापनि आत्मा भने सदैव अजरअमर रहने दार्शनिक निष्कर्ष प्रस्तुत गरेका छन् । भौतिक जीवन सांसारिक मायामोहको बन्धनमा फसेको हुनाले जीव इन्द्रियमा वशीभूत बन्दै सांसारिक मायाजालमा फस्न पुगेको हुन्छ । वास्तवमा यी मायामोह अरू केही नभएर केवल एउटा भ्रम हो । केबल एउटा सपना मात्रै हो । यस भ्रम र सपनाबाट मुक्त गर्ने मुक्तिमार्ग नै मृत्यु हो र यही मृत्यु नै सत्यको स्वरूप हो । त्यसैले मृत्युलाई सहज रूपमा लिनुपर्ने निष्कर्ष यस कवितामार्फत् कविले प्रस्तुत गरेका छन् । त्यसैगरी कविले चैतन्यप्राप्तिको द्वार नै मृत्यु रहेको पूर्वीय दार्शनिक दृष्टिकोण समेत प्रस्तुत गरेका छन् ।

पूर्वीयपाश्चात्य दर्शनका आलोकले प्रौढ, लेखनमा सुनियोजित भाषाशैलीको प्रयोग गर्ने बौद्धिक कवि बालकृष्ण समले प्रस्तुत कवितामा वैज्ञानिकता र आध्यात्मिकतालाई सन्तुलित रूपमा प्रस्तुत गरेका छन् । मृत्युपछिको अभिव्यञ्जना कवितामा समको बौद्धिक एवम् परिपक्व दार्शनिक विचार सुललित रूपमा प्रस्तुत भएको छ । कतैकतै उनको असीम ज्ञान र बौद्धिकताको अपरिमित प्रयोगले कविताको मुख्य भाव नै ओझेल परेको हो कि झैँ लागे पनि अनुप्रासयुक्त गद्यलयात्मकताले कविता सुन्दर बनेको छ । दार्शनिक विषयवस्तुलाई भावानुकूल विम्ब र प्रतीकको प्रयोगले हृदयसंवेद्य बनाउँदै सम्बोधनात्मक शैलीमा लेखिएको यस कवितामा प्रयुक्त शिल्प सौन्दर्य, परिष्कृत भाषाशैली, अभिव्यञ्जित दार्शनिक दृष्टिकोण आदि तथ्यले कविता बौद्धिक भएको कुरालाई पुष्टि गरेको छ ।

## सन्दर्भसामग्री

आचार्य, कृष्णप्रसाद (२०६६), *नेपाली कविता र काव्य*, क्षितिज प्रकाशन ।

आचार्य, कृष्णप्रसाद र गैरे, ईश्वरीप्रसाद (सन् २०१२), *आधुनिक नेपाली नाटक र फुटकर कविता*, क्षितिज प्रकाशन ।

ओझा, रामनाथ (२०७९–८०), *नेपाली कविता काव्य*, दीपमाला पब्लिकेशन प्रा.लि. ।

जोशी, ताराप्रसाद (२०४५), *नेपाली कविता सङ्ग्रह* (चौ.सं.), रत्न पुस्तक भण्डार ।

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X

ढुङ्गेल, भोजराज र दाहाल, दुर्गाप्रसाद (२०६४), *नेपाली कविता र काव्य*, एम. के. पब्लिसर्स एण्ड डिस्ट्रिब्युटर्स ।

त्रिपाठी, वासुदेव र अन्य (२०६५), *नेपाली कविता भाग–४* (पाँ.सं.), साझा प्रकाशन ।

निरौला, फणीन्द्रराज र निरौला, लेखप्रसाद (२०६९), *नेपाली कविता, नाटक र साहित्यको इतिहास* (पाँ.सं.), प्रधान बुक हाउस ।

पौड्याल, कृष्णविलाश (२०७६), *आधुनिक नेपाली कविता काव्य*, कालिञ्चोक पुस्तक प्रकाशन प्रा.लि. ।

बन्धु, चूडामणि (२०५५), *साझा कविता* (छै.सं.), साझा प्रकाशन ।

रिसाल, राममणि (२०५८), *नेपाली काव्य र कवि* (पाँ.सं.), साझा प्रकाशन ।

लुइँटेल, खगेन्द्रप्रसाद (२०६७), *नेपाली काव्य र समालोचना,* पैरवी प्रकाशन ।

शर्मा, मोहनराज र लुइँटेल, खगेन्द्रप्रसाद (२०६६), *नेपाली कविता, नाटक र इतिहास,* नवीन प्रकाशन ।

सर्मा, ताना (२०५०), *सम र समका कृति* (पाँ.सं.), साझा प्रकाशन ।

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*